जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९   स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०   अंक ४८   २०७७ साल भदौ २९ गते सोमबार (14 Sep. 2020 Monday)   मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : हालसम्म पाँच हजार ... ३ पृष्ठमा : विदेशमा अहिलेसम्म ... ३ पृष्ठमा : भारतका गृह मन्त्री शाह ...

# यूवाहरुलाई प्रदेशमै रोजगारीकालागि विना ब्याज ऋण उपलब्ध गराउने : कृषि मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**

प्रदेश नम्वर २ का भूमी व्यवस्था कृषी तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले स्थानिय बेरोजगार यूवाहरुलाई प्रदेशमै रोजगारीकालागि चाडै नै विना ब्याज ऋण उपलब्ध गराउने बताएका छन् ।

सप्तरीको रुपनी गाउँपालिका वडा नं. ४ स्थित भथौलको सामुदायिक भवनमा आइतवार आयोजित कृषी सम्बन्धी अन्तरक्रिया तथा सम्मान कार्यक्रमलाई सम्वोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

सम्बोधन गर्दै मन्त्री साहले मुलुकभर प्रदेश २ बाट झण्डै १० लाख युवा विदेशिएको चर्चा गर्दै कृषीमा आधारित यूवा प्रवर्द्धन रोजगार कार्यक्रम अन्तर्गत विदेशबाट फर्केर आउने तथा स्थानीय बेरोजगार यूवाहरुलाई उत्पादनमूलक एवम् व्यवसायमुखी कार्यहरु गर्नकालागि प्रदेश सरकारले बिना व्याज ऋण उपलब्ध गराउने कार्यक्रम ल्याएको बताए ।

मुख्यमन्त्री किसान उत्थान कार्यक्रम अन्तर्गत १ कठ्ठादेखि १० कठ्ठासम्म खेती गर्ने किसानको नाममा खाता सञ्चालन गरी दश हजार रुपैयाँ खातामै पठाईने मन्त्री साहले जानकारी दिदै किसानहरुलाई मलखाद तथा बीउबिजन खरिद गर्न वर्षमा एक पटक उक्त रकम पठाईने बताए ।

कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय नेताहरु गजेन्द्र कुमार मण्डल, दिनेश कुमार यादव, रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, उपाध्यक्ष बेचनी सरदार, पार्टीका युवा नेता उमेश कुमार यादव, वडा अध्यक्ष छेदी ईशर, पूर्व वडा अध्यक्ष मिश्रीलाल यादव, कृषक अगुवा भिखो माझी, रामेश्वर विश्वास लगायतले वडा तथा गाउँपालिकाको विविध समस्याहरुबारे मन्तव्य व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा वडाका किसानहरुको समस्यासहित विविध पक्षहरुबारे प्रेस नेपाल प्रदेश २ का अध्यक्ष श्यामसुन्दर यादवले किसानहरुको समस्या तथा वडाको विविध समस्याहरुबारे मन्त्री साहको ध्यानाकर्षण गराए । पार्टीका वडा कमिटी अध्यक्ष तेजनारायण यादवको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन प्राध्यापक धनेश्वर यादवले गरे ।

यसैबीच मधेश आन्दोलनका क्रममा सहादत प्राप्त गरेका रुपनी गाउँपालिका वडा नम्वर ४ का स्व. खुशीलाल यादव र नागेश्वर यादवका परिवारलाई सम्मान गरिएको छ । सोही कार्यक्रममा गाउँपालिका अध्यक्ष हरेराम यादवले कृषी क्षेत्रमा उल्लेखनीय कार्यहरु गरेको भन्दै मन्त्री साहलाई समेत दोसल्ला ओढाएर सम्मान गरे ।

सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी करिब दुई दर्जन स्थानीय नेता तथा

***बाँकी अन्तिम पृष्ठमा***

# जसपाद्वारा रेशम चौधरीको रिहाईको माग

**दैनिक समाचारदाता**
**काठमाडौँ, २८ भदौ ।**

जनता समाजवादी पार्टी नेपाल (जसपा)ले कारागारमा रहेका रेशम चौधरीको यथाशीघ्र रिहाईका लागि सरकारसँग माग गरेको छ ।

जसपाले आइतबार एक विज्ञप्ति जारी गर्दै जेलमा रहेका चौधरीलगायत नेता/कार्यकर्तालाई रिहाइका लागि माग गरेको हो ।

जसपाका अयक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवद्वारा जारी गरिएको संयुक्त विज्ञप्तिमा मधेस-थरुहट आन्दोलनमा सहभागी भएका नेता कार्यकर्तामाथि सरकारले मुद्धा चलाउने, धन-सम्पत्ति रोक्का गर्ने, थुनामा राख्ने कार्य अझै जारी रहेको भन्दै यस्ता कार्य बन्द गर्न माग समेत गरिएको छ ।

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | prabhu Money Transfer | City Express Money Transfer | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# असोज १ गते विश्व बिरामी सुरक्षा दिवस मनाइने

काठमाडौँ, २८ भदौ (रासस)।

बिरामी सुरक्षा र स्वास्थ्य सुरक्षाबारे आम नेपालीमा सचेतना फैलाउने उद्देश्यले आगामी असोज १ गते विश्व बिरामी सुरक्षा दिवस मनाइने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आइतबार पत्रकार सम्मेलनमा स्वास्थ्य सेवा विभागका डा तारानाथ पोखरेलले आगामी असोज १ गते (सेप्टेम्बर १७, २०२०) मनाउन लागिएको विश्व बिरामी सुरक्षा दिवसका बारेमा गरिने कार्यक्रमको जानकारी गराउनुभयो।

उहाँका अनुसार सन् २०१९ को मे मा विश्व स्वास्थ्य सङ्गठनको ७२ औं महासभाले १९४ देशको सहभागितामा गरेको निर्णय अनुसार सोही वर्षको सेप्टेम्बर १७ देखि विश्व बिरामी दिवस मनाउने घोषणा गरेको थियो। सोही वर्षदेखि नेपालमा पनि दिवस मनाउन शुरु गरियो। नेपालले गत वर्ष पनि यो दिवस मनाएको थियो। यस वर्ष पनि विभिन्न कार्यक्रमका साथ सातावटै प्रदेशमा दिवस मनाउन लागिएको हो।

'स्वास्थ्यकर्मीहरूको सुरक्षा, बिरामीको सुरक्षाको प्राथमिकता, सुरक्षित स्वास्थ्यकर्मी र सुरक्षित बिरामी' भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरी देशभर दिवस मनाइने डा पोखरेलले बताउनुभयो। देशका तीनै तहका सरकार, स्वास्थ्य तजा जनसंख्या मन्त्रालय मातहतका स्वास्थ्य प्रतिष्ठान, अस्पताल, निजी क्षेत्रका मेडिकल कलेजलगायतले आ-आफ्नो ठाउँबाट दिवस मनाउन मन्त्रालयले आग्रह गरेको छ।

दिवसका दिन असोज १ गते साँझ ७:०० बजे माइतीघर मण्डलामा दीप प्रज्वलन गरिनेछ। सोही दिन राति ८:०० बजे देशभर घर घरमा दीपावली गर्न आग्रह गरिएको छ। स्वास्थ्यकर्मीको सम्मान तथा कोरोनाबाट सङ्क्रमित व्यक्तिको मनोबल बढाउन तथा कोरोनाबाट मृत्यु भएकाको सम्झनामा सो कार्यक्रम गर्न लागिएको जनाइएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हालसम्म पाँच हजार सुरक्षाकर्मी कोरोना संक्रमित

काठमाडौँ, २८ भदौ (रासस)।

सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका-७ स्थित घुम्थाङको नागपुजेमा आइतवार बिहान आएको विनाशकारी भेल-पहिरामा परेकाको उद्धारमा सुरक्षाकर्मी तत्काल खटिए। उक्त घटनामा ठूलो जनधनको क्षति भएको छ। अहिले पनि उद्धार जारी छ।

उद्धारका क्रममा घाइते महिलालाई पिठ्यूँमा बोकेर सशस्त्र प्रहरीका एक जवान गन्तव्यतर्फ जाँदै गरेको तस्बिर राससको न्युजलाइनमार्फत सार्वजनिक भयो। गम्भीर घाइते महिलालाई मजेत्रोको नाम्लो बनाएर बोकेको कारुणिक तर सराहनीय दृश्य त्यसमा देख्न सकिन्छ।

सुरक्षाकर्मी र बिरामीले कोभिड-१९ बाट जोगिनका लागि चाहिने आवश्यक सुरक्षा मापदण्ड प्रयोग गर्न सकेको देखिँदैन। आपत्कालीन अवस्थामा एक त त्यस्ता सामग्री पाउन सकिँदैन, पाइए पनि प्रयोग गर्ने अवस्था नहुनसक्छ। आपत्विपत्मा परेका व्यक्तिको जीउ जोगाउनुपर्ने गम्भीर अवस्थामा सुरक्षाकर्मीले चाहेर पनि स्वास्थ्य मापदण्ड अपनाउन सक्दैनन् भने यो एउटा उदाहरण हो।

"जिम्मेवारी पूरा गर्ने क्रममा परिस्थितिले कुनै बेला केही अफ्ठ्यारो गराउन सक्छ तर स्वास्थ्य मापदण्ड पूरा गर्नेमा स्पष्ट निर्देशन छ", सशस्त्र प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक राजु अर्यालल भन्नुहुन्छ।

यस्तै घटना विगतमा पनि नभएको होइन। काठमाडौंमै भएको सडक आन्दोलन होस् या क्वारेन्टिनमा बसेका व्यक्ति ह्वारह्वार्ती निस्कँदा सुरक्षाकर्मीले स्वास्थ्य मापदण्ड प्रयोग गर्न नसकेका दृष्टान्त छन् जुन अधिकांशतः सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो। केही अघि ललितपुरमा रातो मच्छिन्द्रनाथको रथ तान्न लाग्दा भीड नियन्त्रणमा खटिएका केही सुरक्षाकर्मीमा कोभिड-१९ पुष्टि भएको थियो।

ज्यानको बाजी थापेर नागरिकको सुरक्षामा खटिएका सुरक्षाकर्मी यस्तै आपत्विपत्का बेला कोभिड-१९ बाट सङ्क्रमित हुन पुगेका हुन्। कतिपय अवस्थामा सुरक्षाका सबै उपाय अपनाउँदा अपनाउँदै पनि सङ्क्रमण हुन्छ। सुरक्षा मापदण्ड अपनाएर उपचारमा खटिएका स्वास्थ्यकर्मी सङ्क्रमित हुनुले त्यस कुरा प्रस्ट्याउँछ।

कार्यक्षेत्रमा खटिएकै बेला सङ्क्रमित भई उपचारपछि निको भएर पुनः सेवामा खटिएका प्रहरी उपरीक्षक विमलराज कँडेल जस्तोसुकै परिस्थिति आए पनि सुरक्षाकर्मी राज्यले दिएको जिम्मेवारीबाट विमुख हुन नहुने बताउनुहुन्छ। उच्च आत्मबल भयो भने कोरोनालाई जित्न सकिने दृढ विश्वास सुरक्षाकर्मीमा छ। त्यसैले अहिलेसम्म धेरै सुरक्षाकर्मी कोरोना जितेर काममा फर्किइसकेका छन्।

पछिल्लो समयमा मुलुकभर सङ्क्रमितको सङ्ख्या बढेसँगै सुरक्षा निकायमा पनि दर बढ्दो छ। नेपालका चार सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) बाट प्राप्त विवरणअनुसार आइतबारसम्म पाँच हजार १३५ सुरक्षाकर्मीमा कोभिड-१९ देखिसकेको छ। त्यसमध्ये दुई हजार १८ जना कोरोना जितेर कार्यक्षेत्रमा खटिइसकेका छन्। निको भएकामा उच्च मनोबल देखिएकाले अन्य प्रहरी कर्मचारीलाई समेत हौसला मिलेको नेपाल प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायत बताउनुहुन्छ।

गत माघ ९ गते चीनको वुहानबाट आएका एक नेपालीमा कोभिड-१९ देखिएपछि त्यसको रोकथामका लागि सरकारले आवश्यक योजना बनाउन थाल्दा नेपाली सुरक्षाकर्मीले सम्भावित जोखिम आङ्कलन गरेर आन्तरिक तयारी थालेका थिए। मुलुकमा अकस्मात आइपर्ने महामारी, राष्ट्रिय विपद् होस् या हूलदङ्गा सबै नियन्त्रणको नेतृत्व लिँदै आम-नागरिकलाई सुरक्षाको पूर्ण-प्रत्याभूति दिलाउने जिम्मेवारी सुरक्षा निकायको काँधमा छ। आइपर्ने जोखिम मोल्न तयार भएर यसपालिको कोभिड-१९ विरुद्धको युद्धमा होमिएका सुरक्षाकर्मी यस्तै आपत्विपद् र शान्तिसुरक्षामा खटिएकै बेलामा सङ्क्रमण भएका छन्। आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड बनाएर ७७ वटै जिल्लामा अग्रपङ्क्तिमा खटिएका सुरक्षाकर्मीमा पछिल्लो समयमा नियमित सङ्क्रमण देखिन थालेको छ। पछिल्लो एक साताको विवरणले सुरक्षा निकायमा सङ्क्रमणको क्रम बढ्दो देखाउँछ। एक सातामै एक हजार ५०० बढी सुरक्षाकर्मी कोरोना सङ्क्रमित भएका छन्। मुलुकभर सङ्क्रमण दरमा बढिरहेका बेला त्यसको प्रत्यक्ष प्रभाव सुरक्षा निकायमा प्रस्ट देखिन्छ।

गत वैशाखबाट सुरक्षा निकायमा सङ्क्रमण देखिएको थियो। जेठको पहिलो सातासम्म १२ सुरक्षाकर्मीमा सङ्क्रमण थियो। नेपाल प्रहरीतर्फ जेठ ३ गते एक प्रहरी जवान पहिलो सङ्क्रमित भए। त्यसपछि सङ्क्रमण दरमा क्रमशः वृद्धि भएकामा साउन ६ गते बन्दाबन्दीको अन्त्यलगत्तै सर्वसाधारणको चहलपहल बढ्दा सङ्क्रमणले गति लिएको जनस्वास्थ्य विज्ञको भनाइ छ।

सुरक्षा निकायमा देखिएको सङ्क्रमणमध्ये सबैभन्दा बढी नेपाल प्रहरीमा छ। त्यसपछि नेपाली सेनामा बढी देखिएको छ। नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले अधिकांश लक्षणविहीन रहेको र धेरै निको भएर घर फर्किसकेको बताउनुभयो। उनीहरू उच्च मनोबलका साथ कार्यक्षेत्रमा खटिएका उहाँले जानकारी दिनुभयो।

**सबैभन्दा बढी नेपाल प्रहरीमा सङ्क्रमण**

हालसम्म चार सुरक्षा निकायमध्ये सबैभन्दा बढी नेपाल प्रहरी सङ्क्रमित भएका छन्। सर्वसाधारणसँग प्रत्यक्ष साक्षात्कार हुने भएकाले प्रहरी बढी प्रभावित भएका हुन्।

सार्वजनिक तथ्याङ्कअनुसार नेपाल प्रहरीमा आइतबारसम्म कूल दुई हजार ८१७ मा सङ्क्रमण भएको छ। उनीहरूमध्ये एक हजार २३३ प्रहरी निको भएर कार्यस्थलमा खटिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। प्रहरी जोखिम आङ्कलन गरेरै आवश्यक सुरक्षा सावधानीका साथ कार्यक्षेत्रमा खटिँदै आएको महानगरीय प्रहरी कार्यालय काठमाडौँका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल बताउनुहुन्छ।

"सङ्क्रमित प्रहरी कर्मचारीमा उच्च मनोबल छ, निको भएर मुलुकको सुरक्षाप्रति थप प्रतिबद्ध हुँदै कार्यस्थलमा खटिएका छन्", पोखरेलले भन्नुभयो, "जोखिम रोक्ने महत्वपूर्ण भूमिका प्राप्त प्रहरी जिम्मेवारीबाट पन्छिँदैन।" तर सङ्क्रमण दर बढ्दो क्रममा रहेकाले शान्तिसुरक्षामा ठाउँठाउँमा खटिनुपर्ने प्रहरीको उपस्थिति न्यून गर्नुपर्ने बाध्यताको सम्भावना देखिएको छ।

**नेपाली सेनाका एक हजार ३०० भन्दा बढी**

सैनिक प्रवक्ता सहायक रथी सन्तोषबल्लभ पौडेलका अनुसार नेपाली सेनामा पछिल्लो एक सातामा सङ्क्रमित ह्वात्तै बढेको छ। अहिलेसम्म कूल एक हजार ३८३ मध्ये झण्डै ७०० पछिल्लो एक हप्तामै सङ्क्रमित भएका उहाँले जानकारी दिनुभयो। सबैभन्दा बढी मध्यपूर्वी पृतनामा १८९ जना सङ्क्रमित छन्। उपत्यकामा १८४, मध्यपश्चिम पृतनामा १५४ मा सङ्क्रमण देखिएको छ। सेनाका ५६ स्वास्थ्यकर्मीसमेत सङ्क्रमित भएका छन्।

पौडेलका अनुसार सङ्क्रमितमध्ये २९४ निको भएर कार्यक्षेत्रमा खटिएको र बाँकीको उपचार जारी छ। पछिल्लो एक हप्तामै सङ्क्रमणदर एक्कासि बढ्दा निको हुने प्रतिशत कम देखिएको उहाँले बताउनुभयो।

**सशस्त्र प्रहरीका ९१५ पोजिटिभ**

सशस्त्र प्रहरी बल नेपालका ९१५ जना सङ्क्रमित भएका छन्। त्यसमध्ये झण्डै ५५ प्रतिशत निको भएका छन्। हाल ४३५ उपचाररत रहेका सशस्त्र प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक राजु अर्यालले बताउनुभयो। सशस्त्र प्रहरीका अधिकांशमा लक्षण देखिएको छैन। मुख्यगरी सीमा नियन्त्रण, भीडभाड नियन्त्रण, आइसोलेसन व्यवस्थापन, सर्वसाधारणको सुरक्षा, भीडभाड नियन्त्रण, सडक सुरक्षामा बसेका बेला उनीहरू सङ्क्रमित हुन पुगेका अर्याल बताउनुहुन्छ। आवश्यक स्वास्थ्य मापदण्ड अपनाउने गरिए पनि सङ्क्रमण हुने क्रम भने रोकिएको छैन।

**राष्ट्रिय अनुसन्धानका २० मा कोरोना**

सरकारका लागि सम्भावित जोखिमको सूचना सङ्कलनमा सादा पोसाकमा खटिने राष्ट्रिय अनुसन्धान विभागका २० जनामा पनि कोरोना देखिएको छ।

प्राप्त विवरणअनुसार विभागअन्तर्गत रहेको उनीहरूमध्ये अहिले ११ जना उपचाररत छन्। प्रदेश २ मा सबैभन्दा बढी नौ जना सङ्क्रमित छन्।

वाग्मती प्रदेश सात, गण्डकी एक, प्रदेश ५ मा दुई र सुदूरपश्चिम प्रदेश एक जनामा सङ्क्रमित देखिएको विभागले जनाएको छ। विभागका एक सुरक्षा अधिकारीले कसैलाई पनि लक्षण नदेखिएको र आइसोलेसनमा भएकाबाहेक सबै उच्च मनोबलका साथ काम गरिरहेको उहाँले जानकारी दिनुभयो।

# विशेष राहतको प्याकेज ल्याउन माग

काठमाडौँ, २८ भदौ (रासस)।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घले उद्योगी-व्यवसायीको समस्या समाधानका लागि पहल गरिदिन प्रमुख प्रतिपक्षी दल काँग्रेस सभापति शेरबहादुर देउवालाई आग्रह गरेका छन्।

महासङ्घको टोलीले आइतबार पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका सभापति देउवालाई भेटेर लामो समयको बन्दाबन्दी र निषेधाज्ञामा बन्द रहेको व्यवसायीका लागि सरकारले राहतका लागि ठोस योजना नल्याएको जनाउँदै व्यवसायीको समस्या समाधानका लागि पहल गरिदिन ज्ञापनपत्र बुझाएका हुन्।

महासङ्घका अध्यक्ष नरेश कटुवालले व्यवसाय पूर्ण रूपमा बन्द हुँदा बैंक तथा वित्तीय संस्थाको साँवा-ब्याज, घरभाडा, कामदारलाई पारिश्रमिक दिनसमेत समस्या परेको भन्दै उद्योगी व्यवसायीलाई विशेष राहतको वातावरण मिलाउन पहल गरिदिन आग्रह गर्नुभयो। उहाँले बन्दाबन्दीका कारण लामो समयदेखि नेपाली उद्योगी-व्यवसायीको सामान केरुङ नाकामा रोकिएको भन्दै उक्त सामान ल्याउनसमेत प्रमुख प्रतिपक्षी दलले पहल गर्नुपर्ने बताउनुभयो।

सभापति देउवाले उद्योगी-व्यवसायीको जायज मागलाई सरकारले पूरा गर्नुपर्ने बताउँदै त्यसका लागि प्रतिपक्षी दलले पहल गर्ने विश्वास व्यक्त गर्नुभएको उहाँको भनाइ उद्धृत गर्दै भेटमा सहभागी महासङ्घका वरिष्ठ उपाध्यक्ष कुमार कार्कीले राससलाई जानकारी दिनुभयो।

यस्तै व्यवसायीले कोरोनाबाट सुरक्षित रहन आवश्यक सुरक्षा सतर्कता अपनाई व्यवसाय निर्बाध रूपमा सञ्चालन गर्न पाउनुपर्ने, उद्योग-व्यवसाय बचाउन विनाधितो पाँच प्रतिशत ब्याजदरमा ऋणको व्यवस्था गर्नुपर्ने, मौद्रिक नीतिमा भएको पुनर्कर्जा व्यापार-व्यवसायीलाई पनि दिनुपर्ने लगायतका माग राखेका छन्।

महासङ्घले निजी क्षेत्रमा रहेको सिन्डिकेटको अन्त्य गर्दै साना तथा मझौला उद्योगी-व्यवसायीको समेत सहभागितामा सरकारले समन्वय समिति गठन गर्नुपर्ने बताएको छ। २०७३ सालमा स्थापना भएको महासङ्घमा देशभरका दुई दर्जनभन्दा बढी व्यवसायी संस्था आबद्ध छन्।

# विदेशमा अहिलेसम्म कोरोनाका कारण २४३ नेपालीको मृत्यु

काठमाडौँ, २८ भदौ (रासस)।

विश्वव्यापी महामारी कोरोना भाइरस सङ्क्रमणबाट शनिबार साँझसम्म नेपालबाहिर विभिन्न १६ मुलुकमा मृत्यु भएका नेपालीको सङ्ख्या २४३ पुगेको छ। यो साता मात्रै थप ४३ नेपालीको निधन भएको पुष्टि भएको गैरआवासीय नेपाली सङ्घ स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाले बताउनुभयो।

गत मार्च महिनायता साउदी अरबमा मात्रै ४१ जनाको मृत्यु भएको त्यहाँस्थित राजदूतावासलाई उद्धृत गर्दै स्वास्थ्य समितिले उल्लेख गरेको छ। यो सँगै साउदी अरबमा मात्रै सङ्क्रमणका कारण निधन हुने नेपालीको सङ्ख्या ५२ पुगेको साउदी अरबका लागि नेपाली राजदूत डा महेन्द्रसिंह राजपुतले जानकारी दिनुभयो। यो साता कतारमा पनि थप दुई नेपालीको कोरोना सङ्क्रमणका कारण निधन भएको छ।

स्वास्थ्य समितिका अनुसार यो साता स्पेन, पोल्याण्ड, भारत, कतार, र साउदी अरबलगायतका मुलुकमा कोरोना सङ्क्रमणदर सामान्यरूपमा वृद्धि भएको छ। समितिका अनुसार हालसम्म विश्वका ४० देशमा रहेका नेपाली कोरोना-१९ बाट सङ्क्रमित छन्।

कोरोना भाइरसका कारण हालसम्म बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्ड्स, स्वीडेन, भारत, दक्षिण अफ्रिकालगायत १६ देशमा रहेका नेपालीले ज्यान गुमाएका छन्। यस्तै नेपालमा शनिबारसम्म ५३ हजार १२० जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। तीमध्ये ३७ हजार ५२४ कोरोनामुक्त भएका छन्। यो कूल सङ्क्रमितको ७० दशमलव छ प्रतिशत हो। हालसम्म नेपालमा ३३६ जनाको कोरोना सङ्क्रमणका कारण ज्यान गएको छ।

कोरोना सङ्क्रमणका कारण नेपालसहित विश्वभर जम्मा ५७९ जनाको निधन भएको स्वास्थ्य समितिले जनाएको छ। यस्तै विश्वभर ९० हजार ७६७ जनामा नेपालीमा सङ्क्रमण देखिएको छ भने तीमध्ये ७१ हजार ७१७ जना कोरोनामुक्त भएका छन्। नेपालसहित कोरोना सङ्क्रमणबाट मुक्त हुनेको सङ्ख्या औसत ७८ दशमलव सात प्रतिशत रहेको छ।

**६१ हजार ७१० को उद्धार**

कोरोना भाइरसको सङ्क्रमणपछि भएको विश्वव्यापी लकडाउनका कारण विदेशमा अलपत्र परेका, आफन्तकोमा गएर उतै रोकिएका र अन्य विविध कारण स्वदेश फर्कन नपाएका नेपालीको उद्धारकार्य जारी छ। हालसम्म गैरआवासीय नेपाली सङ्घ, नेपाल सरकारका विदेशस्थित दूतावास तथा नियोगहरूको संयुक्त पहलमा ३० देशमा रहेका ६१ हजार ७१० नेपालीको उद्धार गरिएको छ।

**साउदीमा ६० शव अलपत्र**

साउदीस्थित नेपाली राजदूतावासका अनुसार साउदी अरबमा कोरोनालगायत अन्य विभिन्न कारणले निधन भएका ६० नेपालीको शव नेपाल ल्याउन बाँकी छ। साउदी अरबका लागि नेपाली राजदूत डा महेन्द्रसिहं राजपुतका अनुसार ती शव नेपाल पठाउने प्रक्रियामा रहेका छन्। हालसम्म विदेशमा विभिन्न कारणले निधन भएका ३०० नेपालीहरूको शव नेपाल ल्याइएको छ।

**गैरआवासीय नेपाली सङ्घको अनुरोध**

गैरआवासीय नेपाली सङ्घअन्तर्गतको स्वास्थ्य समितिका संयोजक सापकोटाले विदेशबाट नेपाल फर्किएकालाई १४ दिन अनिवार्य क्वारेन्टिन बस्न अनुरोध गर्नुभएको छ। विदेशमा पिसीआर परीक्षण गराएर नै स्वदेश जाने भए पनि स्वास्थ्य सावधानीका लागि नेपाल सरकारले तोकेअनुसार क्वारेन्टिनमा बस्न र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन डा सापकोटाले आग्रह गर्नुभएको हो।

सङ्क्रमण जुनसुकै बेला पनि हुनसक्ने जोखिम रहेकाले यात्रापछि पनि ज्वरो आउने, सास फेर्न गाह्रो हुने, निरन्तर खोकी लाग्नेजस्ता समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा जचाउन पनि उहाँले अनुरोध गर्नुभयो। यसका साथै स्वदेश फर्कन चाहने नेपालीलाई पनि संयमित भएर आफ्नो उडानको प्रतीक्षा गर्न र त्यसका लागि आवश्यक पिसीआर परीक्षण समयमै गर्न समेत डा सापकोटाले आग्रह गर्नुभएको छ।

# 'मिथ्या सूचनाको स्रोत सामाजिक सञ्जाल'

काठमाडौँ, २८ भदौ (रासस)।

नेपालका अधिकांश इन्टरनेट प्रयोगकर्ताले युटचुब, फेसबुक र ट्विटरबाट मिथ्या सूचना प्राप्त गर्ने गरेको देखिएको छ।

सेन्टर फर मिडिया रिसर्च नेपालको सर्वेक्षणले सहभागीमध्ये ९५.५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले विशेषगरी युटचुब, फेसबुक र ट्विटरजस्ता सामाजिक सञ्जालमा मिथ्या सूचना हुने गरेको बताएका हुन्। सेन्टरले सन् २०१९ को नोभेम्बरमा गरेको नेपाल ट्विटर प्रयोगकर्ता सर्वेक्षण २०१९ मा सहभागी प्रयोगकर्ताको जवाफले यो अवस्था देखाएको हो।

सो सेन्टरका अध्यक्ष ऋषिकेश दाहालले आम नागरिकलाई मिथ्या र सही सूचना छुटचाउन सहयोगी हुने किसिमको प्रभावकारी र बहुआयामिक योजना निर्माणका लागि सम्बन्धित सरोकारवालाले ढिलो गर्न नहुने बताउनुभयो।

सर्वेक्षणमा सहभागीमध्ये ९५.५ प्रतिशतले बितेको एक साताको अवधिमा इन्टरनेट प्रयोग गर्दा मिथ्या सूचना भेटेको बताएका थिए। युटचुब चलाउनेहरूले आफ्नो च्यानल बढी चलाएर पैसा कमाउन पनि विषयलाई बढाई-चढाई गर्ने र मिथ्या सूचनासमेत दिने गरेका छन्।

दुई तिहाइभन्दा धेरैले फेसबुकबाट र आधाभन्दा बढीले ट्विटरबाट मिथ्या सूचना प्राप्त गरेको बताएका छन्। सत्र प्रतिशतले भने अन्य वेबसाइटबाट र एकदमै थोरैले पत्रपत्रिकाबाट मिथ्या सूचना प्राप्त गरेको बताएका छन्।

पछिल्ला दुई वर्षमा भएका सर्वेक्षणले मिडियाको विश्वसनीयता ९० प्रतिशतभन्दा बढी देखाएको छ। मिडिया अनुसन्धानकर्ता तिलक पाठकले भूलसुधार गरिहाल्ने र क्षमायाचनासमेत माग्ने गरेका कारण पनि सर्वसाधारणले यी मिडियालाई बढी विश्वास गर्ने गरेको बताउनुभयो।

दुई तिहाइभन्दा बढी लगभग ७४ प्रतिशतले नेपाली समाज र राजनीतिका लागि मिथ्या सूचना समस्या भइसकेको बताए भने १२ प्रतिशतले यो भविष्यमा समस्याका रूपमा आउन सक्ने देखिएको छ।

यसरी हेर्दा लगभग ९७ प्रतिशत उत्तरदाताहरूले मिथ्या सूचना हाम्रो समाजका लागि समस्या उत्तरदातामध्ये ८७ प्रतिशतले इन्टरनेटमा आउने मिथ्या सूचनाले चिन्तित बनाएको र पाँच प्रतिशतले चिन्ता नलागेको बताएका थिए। उत्तरदातामध्ये धेरैले इन्टरनेटमा मिथ्या सूचनालाई न्यूनीकरण गर्न सरकार र मिडियाको प्रमुख भूमिका हुने र चालीस प्रतिशतले मिडियालाई र ३८ प्रतिशतले सरकारलाई सबैभन्दा बढी उत्तरदायी भएको बताए।

एकभन्दा धेरै उत्तर दिन मिल्ने प्रश्नमा ३२ प्रतिशतले प्रयोगकर्तालाई र ३० प्रतिशलले सूचनाको माध्यम सबैभन्दा बढी उत्तरदायी हुनुपर्ने बताएका थिए भने नागरिक समाजलाई मिथ्या सूचना न्यूनीकरणमा सबैभन्दा बढी उत्तरदायी ठान्नेको सङ्ख्या २२.५ र अन्य सरोकारवालालाई नौ प्रतिशतले उत्तरदायी ठानेका थिए।

सेन्टरका पूर्वअध्यक्ष भुवन केसीले आउँदो निर्वाचनहरूमा मात्रै नभएर नागरिकका राजनीतिक एवम् सामाजिक मुद्दाहरूलाई नै प्रभाव पार्न सक्ने मिथ्या सूचना नेपालको लोकतन्त्रका लागि नै ठूलो खतरा भएको बताउनुभयो।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### भारतका गृह मन्त्री शाह अस्पताल भर्ना

नयाँदिल्ली, २८ भदौ (रासस/एएनआई)।

भारतका संघीय गृह मन्त्री अमित शाह नयाँ दिल्लीस्थित एम्स अस्पतालमा अस्पताल भर्ना हुनुभएको छ।

पूर्ण स्वास्थ्य परीक्षणका लागि उहाँलाई अस्पताल भर्ना गरिएको अधिकारीहरुले आइतबार जानकारी दिएका छन्।

उहाँलाई गत अगस्टको २ तारिखमा कोरोनाभाइरसको सङ्क्रमण पुष्टि भएको थियो। त्यसपछि कोरोना नेगेटिभ देखिएपछि उहाँलाई अगस्ट १४ मा डिस्चार्ज गरिएको थियो। त्यसपछि लगातार उच्च स्वास्थ्य निगरानीमा रहनु भएका शाह त्यतिबेलाको सङ्क्रमणको अन्तिम परीक्षणका लागि अहिले फेरी अस्पताल भर्ना हुनुभएको हो।

संसदको नयाँ अधिवेशन शुरु हुनु अगाडि उहाँको पूर्ण स्वास्थ्य परीक्षण गर्न लागिएको भारतीय अधिकारीहरूले बताएका छन्।

"गृह मन्त्री शाहलाई यसअघि गत अगस्त ३० मा अस्पतालबाट उहाँको निवासमा पठाइएको थियो, अहिले फेरी उहाँलाई भर्ना गरिएको छ," अस्पतालद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ।

### कोरोना सङ्क्रमितको फोक्सो र मुटुको समस्या समाधान हुन समय लाग्ने : अध्ययन

वासिङ्टन, २८ भदौ (रासस/एएनआई)।

कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको फोक्सो र मुटुमा समस्या आउने एक अध्ययनले देखाएको छ।

यूरोपेली स्वासप्रस्वास समाजको अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरिएको प्रतिवेदनमा अध्ययनकर्ताहरुले कोरोनाका कारण फोक्सो र मुटुमा सृजना भएको समस्या समाधान हुने तर समय भने लाग्ने पनि निश्कर्ष निकालेका हुन्।

उनीहरुले कोरोनाका कारण समस्या सृजना भएका धेरै फोक्सो र मुटुका समस्या समाधान हुने अध्ययनबाट पुष्टि गरेका छन्।

यस अध्ययनमा कोरोनाभाइरसबाट अति प्रभावित अष्ट्रियाको टिरोलन क्षेत्रका पीडितहरुलाई समेटिएको थियो।

अध्ययनमा सहभागीहरु अस्पताल भर्ना भएका १५० जना विरामी नै थिए। उनीहरु अप्रिल २९ देखि जुन ९ सम्म अस्पताल बसेका विरामी हुन्। शुरुमा ८६ विरामीमा सर्वेक्षण गरिएको थियो।

अस्पतालबाट डिस्चार्ज भएपछि छ हप्ता, १२ हप्ता र २४ हप्तासम्म पनि उनीहरुमाथि अध्ययन गरिएको थियो। उनीहरूको अध्ययन गर्नेक्रममा चिकित्सकीय परीक्षण र प्रयोगशालाको परीक्षणको रिपोर्टहरुलाई विश्लेषण गरिएको थियो।

त्यसैगरी रगतमा अक्सिजन र कार्बनडाइअक्साइड, फोक्सोको कामको अवस्थाको परीक्षण, सिटी स्क्यान र इकोकार्डियोग्रामको समेत विवरणहरुलाई हेरिएको थियो।

यी सवै विवरणहरुका आधारमा पहिलो पटकको नतिजा हेर्दा झण्डै ८८ प्रतिशत विरामीमा फोक्सोको समस्या देखिएको थियो।

त्यसैगरी डिस्चार्ज भएको १२ औं हप्तामा दोस्रो पटकको परिक्षण विवरण हेर्दा ५६ प्रतिशतमा मात्रै त्यस्तो समस्या देखिएको अध्ययनकर्ताहरुले बताएका छन्।

यसरी जति पछि हुँदै गयो, त्यति धेरै विरामीका मुटु र फोक्सोको समस्यामा कमी हुदै गएको देखिएको अध्ययनकर्ताहरुको भनाइ छ।

### रगतमा भएको भिटामिन 'डी'को आधारमा स्वास्थ्यसम्वन्धी भविष्यवाणी गर्न सकिने

वासिङ्टन, २८ भदौ (रासस/एएनआई)।

रगतमा रहेको भिटामिन 'डी' को तहका आधारमा स्वास्थ्यको भविष्यवाणी गर्न सकिने एक अध्ययनले निश्कर्ष निकालेको छ।

अध्ययनकर्ताहरुले भिटामिन 'डी' को आधारमा कुनै पनि प्राणीको मृत्युको पुर्वानुमान गर्न सकिने समेत दावी गरेका छन्।

स्वास्थ्यमा आउने भावी चुनौतीलाई पनि भिटामिन 'डी'को अध्ययनबाट थाहा पाउन सकिने अध्ययनकर्ताहरुको भनाइ छ।

भावी स्वास्थ्य अवस्था र स्वास्थ्य चुनौतीलाई रगतमा रहेको भिटामिन 'डी'को अवस्थाका आधारमा भन्न सकिन्छ, अध्ययन प्रतिवेदनमा लेखिएको छ।

भिटामिन 'डी'को अध्ययनले कुनै पनि व्यक्तिको स्वास्थ्य अवस्थाका बारेमा थप अध्ययन अनुसन्धान गर्न र विवरणहरु पत्ता लगाउन पनि सघाउन पुर्याउने अध्ययनकर्ताहरुले बताएका छन्।

बेल्जियमको फ्युनिभर्सिटी हस्पिटल्स लेउभेन'का डा लिन एन्टोनिओको टोलीले भिटामिन 'डी' र स्वास्थ्यको पुर्वानुमानका बारेमा अध्ययन गरेको हो।

अध्ययनमा ४० देखि ७९ बर्षसम्ममा मानिसहरुलाई समावेश गरिएको थियो। उनीहरु माथि सन् २००३ देखि २००५ सम्म अध्ययन गरिएको थियो। अध्ययनमा एक हजार ९७० जना संलग्न भएका थिए।

अध्ययनको नेतृत्वकर्ता डा एन्टोनिओले भन्नुभयो, "भिटामिन डिको अवस्थाको अध्ययनले तत्कालिन स्वास्थ्य अवस्थादेखि भविष्यमा आउनसक्ने स्वास्थ्य चुनौती र मृत्युसम्मको कुरालाई पनि पुर्वानुमान गर्न सक्ने देखिन्छ।"

उहाँको टोलीले गरेको अध्ययनको प्रतिवेदन हालै मात्रै तयार भएको हो।

# अब पिसीआर परीक्षणको दुई हजार मात्र

काठमाडौँ, २८ भदौ (रासस)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस (कोभिड-१९)को पिसीआर परीक्षण शुल्क रु दुई हजार तोकेको छ। मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले अब सबै प्रयोगशालाले पिसीआर परीक्षणको अधिकतम शुल्क रु दुई हजार तोकिएको जानकारी दिनुभयो।

सरकारी तथा निजी अस्पताल वा प्रयोगशाला सबैले घटेको शुल्कमा पिसीआर परीक्षण गराउनुपर्ने हुन्छ। उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पिसीआर परीक्षणको शुल्क पुनरावलोकन गरिएकाले नेपालमा पनि शुल्क घटेको बताउनुभयो। बजारमा रिएजेन्ट र पिसीआरका अन्य सामानको मूल्य घटेको आधारमा परीक्षण शुल्क पनि घटाइएको उहाँले जानकारी दिनुभयो।

यसअघि मन्त्रालयले पिसीआर परीक्षणका लागि रु चार हजार ४०० तोकेको थियो। त्यस भन्दाअघि पिसीआर परीक्षणका लागि मन्त्रालयले रु पाँच हजार ५०० शुल्क तोकेको थियो। नेपालमा अहिलेसम्म आठ लाख ४० हजार ५२७ जनाको पिसीआर परीक्षण गरिएको छ। त्यसमध्ये ५४ हजार १५९ जना सङ्क्रमित भएका छन्। दैनिक करिब १० हजारको सङ्ख्यामा पिसीआर परीक्षण भइरहेको छ।

सरकारले सर्वसाधारण सबैलाई निःशुल्क परीक्षण गर्दै आइरहेको छ भने सशुल्क परीक्षण गराउन इच्छुक व्यक्तिले मन्त्रालयले तोकेको अस्पताल वा प्रयोगशालामा गई परीक्षण गराउन सक्ने व्यवस्था गरेको छ। अहिले ४७ सरकारी प्रयोगशालामा पिसीआर परीक्षण हुँदै आइरहेको छ।

यसैगरी मन्त्रालयले बंगलादेशबाट आएको रेम्डेसिभिर खोप नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को निर्देशिकाअनुसार प्रयोग गर्न सूचिकृत भएका अस्पतालमा बिरामीको चाप हेरेर वितरण गर्न निर्देशन दिएको उहाँले जानकारी दिनुभयो। उक्त खोपको सम्पूर्ण वितरण परिषद्ले प्राप्त गरी मन्त्रालयमा पेश गर्नसमेत भनिएको छ। सरकारले बंगलादेशबाट पाँच हजार सो खोप प्राप्त गरेको उहाँले जानकारी दिनुभयो।

### *यूवाहरुलाई प्रदेशमै ...*

कार्यकर्ताहरु जनता समाजवादी पार्टीमा प्रवेश गरेका छन्। नव प्रवेशीहरुलाई कार्यक्रमका प्रमुख अतिथि मन्त्री साहले टिका लगाएर स्वागत गरेका छन्।

# बाढी प्रभावित पाँच वर्ष मूनीका बालबालिकालाई राहत रकम बितरण



**दैनिक समाचारदाता**
**राजविराज २८ भदौं।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले बाढी प्रभावित ५ बर्षमुनीका बालबालिकाहरुलाई राहत रकम वितरण गरेको छ।

युनिसेफको सहयोगमा गाउँपालिकाको वडा नं. १ बेल्हीका ५१ जना बालबालिकाहरुलाई पाँच हजारको दरले आइतबार राहत बितरण गरिएको हो। गाउँपालिका अध्यक्ष सतिशकुमार सिंह र वडा अध्यक्ष दिनेश्वर मिश्रले उक्त राहत रकम वितरण गरेका हुन्।

युनिसेफको सहयोगमा सञ्चालित विपद्को समयमा सामाजिक संरक्षण कार्यक्रमअन्तर्गत प्रति बालबालिका पाँच हजार रुपैयाँका दरले वितरण गरिएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेशकुमार झाले जानकारी दिएका छन्।

सो राहत रकम वितरण गर्दै गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले राहत रकम बालबालिकाको हितमा खर्च गर्न अभिभावकहरुसँग आग्रह गरे।

खाँडो खोलाको बाढीका कारण बेल्ही पटकपटक प्रभावित बन्दै आएको छ भने महुली, जिता र कोशी नदीको सिपेजका कारण वडा नं. ४ कोइलाडी र वडा नं. ५ को. बर्साइन प्रभावित बन्दै आएको विपद व्यवस्गापन अधिकृत झाले बताए।

कोइलाडी र को. बर्साइनका बाढी प्रभावितहरुलाई समेत उक्त राहत रकम वितरण गरिने कार्यक्रम अधिकृत झाको भनाई छ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*